जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४१ अंक ४५ २०८० साल असार १७ गते आइतवार (2 July 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा** : जलवायु परिवर्तन र धानको ... **पृष्ठ ४ मा** : नागरिकता बनाउँदा नांगो ... **पृष्ठ ५ मा** : स्वास्थ्य बीमा कार्यक्रम सबै स्थानीय ... **पृष्ठ ५ मा** : चिनियाँ युआन अमेरिकी ...

## सप्तरीका चार पालिकाले ल्याउन सकेन बजेट












**राजविराज**/असार १० गतेभित्रै गाउँ र नगरसभा सम्पन्न गरिसक्नु प्रावधान रहेपनि सप्तरीका तीन नगरपालिका र एक गाउँपालिकाले अझै बजेट ल्याउन सकेको छैन् ।

जिल्लाका १८ मध्ये ४ पालिकाले अझैं आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्न सकेका छैनन् । कतै तयारी नपुगेको त कतै आन्तरिक किचलो र विभिन्न विवादका कारण बजेट ल्याउन नसकिएको जनाइएको छ ।

सप्तरी सदरमुकाम राजविराज नगरपालिकाका साथै हनुमाननगर कंकालिनी नगरपालिका, कञ्चनरुप नगरपालिका र रुपनी गाउँपालिकाले बजेट ल्याउन नसकेको हो ।

मंगलबारसम्ममा १४ वटा पालिकाले नगर र गाउँसभा गरी बजेट सार्वजनिक गरिसकेका छन् । जिल्लामा पहिलो बजेट सार्वजनिक गर्ने पालिका छिन्नमस्ता गाउँपालिका बनेका छन् ।

यस्तै विष्णुपुर गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका, अग्निसाइर कृष्णासवरण गाउँपालिका, राजगढ गाउँपालिका, बलान विहुल गाउँपालिका, महदेवा गाउँपालिका, तिरहुत गाउँपालिका, खडक नगरपालिका, बोदे बरसाइन नगरपालिका, सप्तकोशी नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका र डाक्नेश्वरी नगरपालिकाले असार १० गतेभित्रै गाउँ र नगरसभा गरिसकेका छन् ।

यता कञ्चनरुप नगरपालिकाका प्रमुख ललन गुप्ताले तोकेकै मितिमा नगरसभा सुरु गरिसकेको तथा अझैं बजेटमाथिको छलफल चलिरहेको बताएका छन् ।

बजेट सार्वजनिक गर्न नसकेका ती पालिकाहरुमा प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्ष चर्को द्वन्द र आन्तरिक विवाद रहेको बुझिएको छ । तर कारण भने, 'आन्तरिक तयारी' नपुगेको जनाउने गरेका छन् । कञ्चनरुप नगरपालिका प्रमुख र उपप्रमुखबीच नगरसभाको विषयलाई लिएर ठुलै विवाद देखिएको छ । नगर प्रमुख गुप्ता र उपप्रमुख मुनाकुमारी पोखरेल दुवै नेपाली कांग्रेसका हुन् । तर तालमेल नमिल्दा दुवै जना एकअर्का विरुद्ध सार्वजनिक कार्यक्रममै आरोप प्रत्यारोपमा उत्रिने गरेका छन् ।

त्यस्तै, राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविन र वडाध्यक्षहरुबीच आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्ने विषयहरुमा विवाद देखिएपछि समयमै नगरसभा हुन सकेको छैन् ।

यस्तै अवस्था हनुमाननगर कंकालिनी नगरपालिका र रुपनी गाउँपालिकाको पनि देखिएको छ । तर हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख विरेन्द्र माझी र रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश यादवले आन्तरिक विवाद नभई 'आन्तरिक तयारी' नपुगेको सफाइ दिने गरेका छन् । स्थानियले भने ती पालिकाहरुमा आन्तरिक किचलोका कारण समयमा बजेट सार्वजनिक गर्न नसकेको बताइरहेका छन् ।

## भुक्तानी नपाएपछि तथ्यहिन कुरा जोडेर समाचार सम्प्रेशन गर्ने कार्यप्रति महासंघको ध्यानाकर्षण

**राजविराज**/'मिडिया'को नाममा जथाभावी बिल पेश गर्ने र भुक्तानी नपाएपछि तथ्यहिन कुरा जोडेर समाचार सम्प्रेशन गर्ने कार्यप्रति नेपाल पत्रकार महासंघ शाखा सप्तरीको गम्भिर ध्यानाकर्षण भएको छ ।

महासंघका सभापति श्रवणकुमार देव र सचिव रामनारायण विश्वासद्वारा बुधबार जारि विज्ञप्तिमा जिल्लाका पालिका तथा सरकारी कार्यालयहरुबाट भुक्तानी नपाएपछि युट्युवसहितका सामाजिक सञ्जालमा समाचार प्रकाशन/प्रशारण भइरहेको कार्यप्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको हो ।

विज्ञप्तिमा सप्तरीको पत्रकारिता क्षेत्र इमान्दारीपूर्वक आफ्नो भूमिका निर्वाह गरिरहेको अवस्थामा केहि युट्युव र अनलाइनमा काम गर्ने व्यक्तिले समग्र पत्रकारिता क्षेत्र बदनाम गराउने दुस्साहस गरेको अवस्था रहेको जनाउँदै बिल दिएर भुक्तानी माग्ने र नपाएपछि आधारहिन कुरा जोडेर भिडियो बनाउने, सामाजिक संजालमा लेख्ने कार्य भइरहेको प्रमाणसहित कतिपय कार्यालयले पत्रकार महासंघलाई उपलब्ध गराएको बिज्ञप्तिमा भनिएको छ ।

त्यस्तै पत्रकारिता गर्दै नगर्ने, अनि भिडियो मात्रै खिचेर सामाजिक सञ्जालमा पोष्ट गर्ने व्यक्ति 'पत्रकार'को परिभाषाभित्र नपर्ने गरेको सबैलाई जानकारी रहेको भन्दै फेसबुक, युट्युव, टिकटकसहितका सामाजिक सञ्जाल सञ्चारमाध्यम (मिडिया) नभएको बिज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा "यस्ता काममा संलग्न जो कोहिलाई पनि सचेत हुन आग्रह गर्दै यसपछि पनि यस्ता कार्य दोहरियो भने त्यस्ता दोषी ब्यक्तिमाथि कार्वाही गराउन पत्रकार महासंघ सप्तरी शाखा अग्रसर हुने जानकारीसमेत यसै प्रेस विज्ञप्ती माफर्त सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।" भनिएको छ ।

यस्तै विज्ञप्तिमा सप्तरीका पालिका तथा सरकारी कार्यालयहरुलाई पत्रकार महासंघले यसअघि नै समानुपातिक विज्ञापन प्रणाली लागु गर्न पटक-पटक छलफल गर्दा पनि पालिका र सरकारी कार्यालयहरुकै उदासिनताले लागु हुन नसक्दा अहिलेको स्थिती उत्पन्न भएको महासंघको निष्कर्ष रहेको भन्दै यसतर्फ पालिका प्रमुख (जनप्रतिनिधि), पालिकाका प्रमुख प्रशासकीय अधिकृत र अन्य सरकारी कार्यालयका प्रमुखहरुलाई निकट भविष्यमा यसतर्फ गम्भिर हुन सुझाव समेत दिइएको छ ।

**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।
**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

## नेपाल बैंकमा लकर सेवासँगै रेमिट्यान्स सेवा पुनः सूचारु

**राजविराज**/नेपाल बैंक लिमिटेड राजविराज शाखामा शुक्रबारदेखी लकर सेवाको शुभारम्भ भएको छ । यस्तै बैंकको नियमित सेवासँगै रेमिट्यान्स सेवा पनि पुनः सूचारु गरेको छ ।

पूर्व निर्वाचन आयुक्त डा. अयोधि प्रसाद यादवले सो लकर सेवाको उद्घाटन गरे । उनले सेवाको उद्घाटन गर्दै पहिलो ग्राहक समेत बने ।

बैंकका शाखा प्रबन्धक सुरेन्द्र प्रसाद यादवले लकर सेवाका लागि धेरै दिनदेखी प्रयासरत रहेकोले आजदेखी सेवा सूचारु भएकोमा ग्राहकहरुलाई सेवा लिन आग्रह गरे ।

उनले लकर सेवा पूर्ण रुपले सुरक्षित रहेको दाबी गर्दै ग्राहकले कार्यालय समयभित्र आएर आफ्नो बहुमुल्य बस्तु, अति आवश्यक कागजात, जग्गाधनी लालपूर्जा, शेयरका कागजातहरु लगायत राख्ने सकिने व्यवस्था रहेको जानकारी दिए । हाललाई ७५ वटा क्षमता भएको लकर सेवा सूचारु भएको बताउँदै प्रबन्धक यादवले ग्राहकको माग अनुसार लकर सेवाको क्षमता बिस्तार गर्दै लैजाने जानकारी पनि दिए ।

यसअघि राजविराजमा सरकारी बैंकतर्फ राष्ट्रिय बाणिज्य बैंकले मात्र लकर सेवा प्रदान गर्दै आइरहेको थियो ।

**चट्याङको समयमा सतर्क रहौं ।**

**चट्याङबाट बच्ने उपाय:**

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सामाजिक संजालको बानी नबसालौं

सामाजिक संजालका कारण अहिले मानिसहरुको सम्बन्ध बिग्रिदै गएको छ। जुनसकै बेला पनि मोबाइलमार्फत सामाजिक संजाल अल्भिmरहनुले घर वा बाहिर एक मानिसले अर्को मानिससँग बोल्न सम्म भ्याइरहेका हुँदैनन्। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ भने प्रत्यक्ष रुपमा सम्बन्ध समेत बिगार्दै गएको छ। यसले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग समेत भइरहेको छ। यसबाट अपराध पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ। कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध हो।

तसर्थ यस्ता अपराध हुनबाट जोगिन व्यक्ति आफै सतर्क हुनु जरुरी छ भने यसको प्रयोग सीमित मात्रा गर्नु पनि उत्तिकै आवश्यक छ। सामाजिक संजालको प्रयोग अन्य कामहरु सकेर फुर्सतको बेला गर्दा उपयुक्त हुने तथा यसलाई बानीमा परिणत नगरि मनोरञ्जनको रुपमा लिनु पर्दछ।

# जलवायु परिवर्तन र धानको खाद्यसत्तामा संकट



**दिपेश नेपाल**

हरेक वर्ष उत्पादन, उत्पादकत्वलाई प्रोत्साहन गर्न र किसानको मनोबल उच्च बनाई श्रमको सम्मान गर्ने उद्देश्यले कृषि तथा सहकारी मन्त्रालयले २०६१ सालदेखि असार १५ गते धान दिवस मनाउँदै आएको छ। सधैं झैं यो वर्ष पनि धान दिवस हर्षोल्लासका साथ मनाइन्छ।

किसानले मानो खाएर मुरी उब्जाउने महिना असारमा खेतमा रोपाइँ गरी दही चिउरा खाने दिनलाई सरकारले राष्ट्रिय धान दिवस भनेर घोषणा गरेको हो। घोषणा भएयता कृषि मन्त्रीको अनैतिक हर्कतले होस् या गमलामा धान रोपेको विषयले होस् धान दिवस निकै चर्चामा रहने गरेको छ। यो वर्ष सरकाले धान दिवस मनाउन 'जलवायु अनुकूलित कृषकमैत्री प्रविधि, धान उत्पादनमा वृद्धि' भन्ने नारा सार्वजनिक गरेको छ। यही वर्ष लामो हिउँदे खडेरी झेलेका किसानलाई पर्याप्त पानीको अभावले धानको बिउ राख्न र जोगाउनै सकस परेको छ। अघिल्लो वर्ष धान भित्र्याउनै लाग्दा बाढीले धान नष्ट गरेको चोट भरिइसकेको छैन।

धान नेपालको मुख्य खाद्य बाली हो। नेपालमा करिब १४ लाख ७३ हजार हेक्टर जमिनमा धान खेती गरिन्छ। कुल खेती गरिएको जमिनको ४७.६६ प्रतिशत हिस्सा ओगटेको धानको क्षेत्र खाद्य बालीमध्येको सबैभन्दा बढी हो। धान नेपालको मात्र नभएर विश्वको आधा जनसङ्ख्या र एसिया महाद्वीपका बहुसङ्ख्यक मानिसको प्रमुख खाद्य बाली हो। नेपालको कुल गार्हस्थ उत्पादनमा कृषिको हिस्सा २५.८३ रहेको छ भने कृषिको हिस्सामध्ये २० प्रतिशत धानले मात्र ओगटेको छ। यसरी हेर्दा हाम्रो देशको अर्थतन्त्र पनि केही हदसम्म धान उत्पादनसँग जोडिएको देखिन्छ। हरित क्रान्तिको विकाससँगै विकसित डिजिओ जिनको विकासले छोटो र वर्णसङ्कर धानको प्रयोग र प्रसारमा वृद्धि आयो। त्यसयता उल्लेखनीय रूपमा नभए पनि नेपालको धानको उत्पादकत्व केही बढेको पाइन्छ। पछिल्लो वर्ष नेपालमा धानको उत्पादकत्व ३.८१ टन प्रतिहेक्टर रहेको छ। जुन छिमेकी देशहरूको भन्दा तुलनात्मक रूपमा कम नै हो।

धानको उत्पादनमा केही वृद्धि भए पनि आर्थिक वर्ष २०३९-४० यता नेपालले धान आयात गरिरहेको छ। धान आयातको मात्रा हरेक वर्ष बढ्दै गहिरहेको छ। पछिल्लो ५० वर्षमा धानको उत्पादन दोब्बरले बढे पनि पछिल्लो १३ वर्षमा नै आयात दोब्बर भएको छ। यो आर्थिक वर्षको पहिलो ९ महिनामा मात्रै नेपालले ३० अर्ब बराबरको धान र चामल आयात गरेको छ।

यो तथ्याङ्क हेर्दा कृषि प्रधान भनेर चिनिने देशले आफूले उत्पादन गर्ने प्रमुख बाली धानको चामल नै प्रतिदिन ११ करोड रुपियाँको आयात गरेको देखिन्छ। यसरी आयात र उत्पादन दुवैको वृद्धि हुनको कारण बढिरहेको जनसङ्ख्या मात्रै एकल हैन। हाम्रो भान्सामा वृद्धि भएको चामल र यसका परिकारहरूको प्रयोग पनि हो।

विविध राजनीतिक परिवर्तनसँगै हाम्रो देशमा प्रजातन्त्र, लोकतन्त्रको स्थापना र विकास भयो। संविधानमै स्वतन्त्र, अविराज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रूपमा चिनारी दिइएको देशको भान्सा भने निरङ्कुश र अलोकतान्त्रिक बन्दै गहिरहेको छ। गहुँ, मकै, कोदो, फापर, उवा लगायत स्वउत्पादित खाद्यान्नहरू मिलाई मिलाई पाक्ने भान्साहरूमा अहिले धान, चामल र चामलजन्य उत्पादनको रजगज छ। नेपालमा पूर्वदेखि पश्चिम, उत्तरदेखि दक्षिण हरेक गाउँगाउँमा चामल पुगेको छ।

नेपालको माथिल्लो पहाडी र हिमाली क्षेत्रमा धानको उत्पादन हुँदैन। केही दशक अगाडिसम्म भान्सामा कोदोजन्य बाली, जौ, फापर, उवा, आलु उपस्थिति हुने गरेका ठाउँमा पनि समयक्रमसँगै त्यहाँको भान्सामा पनि चामलको सत्ता चल्न थालेको छ। खच्चडलाई बोकाएर होस् या आफैँले बोकेर, भोकमरी लाग्ने क्षेत्रमा नेपाली सेनाको हेलिकप्टर चडेर होस् या हवाइजहाज चडेर चामल अहिले दुरदराजसम्म पुगेको छ। सामाजिक रूपमा चामलसँग वर्ग जोडिएकाले पनि भान्सामा चामलको उपयोग बढेको पाइन्छ। ग्रामीण समाजमा धान फल्ने खेतलाई सम्पन्नताको परिपूरकका रूपमा लिने गरिन्थ्यो भने धानलाई कुलीन वर्गको खाद्यान्न। यसैले भात खाने प्रचलन खाद्यान्नको कुलीन वर्गीय खाद्य प्रचलनको रूपमा विकसित भयो। अहिले स्टिम गरेको चामल महिनौं लगाएर भारतबाट ओलाङ्चुङगोला र डोल्पो पुग्दै छ। यसले हाम्रो खाद्य सम्प्रभुता निरन्तर जोखिममा परेको छ। त्यहाँका स्थानीयको पोषण सन्तुलन र मानव स्वास्थ्यमा प्रतिकूल असर पनि परेको छ। बढ्दो आयात, धराशायी खाद्य लोकतन्त्र र पोषणसँगै जलवायु परिवर्तले बढ्दो धान उत्पादन र उपभोगको यो प्रणालीमा थप ठुलो सङ्कट थपेको छ।

धानको उत्पादन तापक्रम, प्रकाशसँगै पानीको उपलब्धता र गुणस्तरसँग धेरै निर्भर रहन्छ। धानको उत्पादकत्व वृद्धिका लागि समयमै मनसुन सुरु हुनु, टिलरिङ हुनेबेला पानी हुनु, गेडामा दुध पस्ने बेलामा पानी हुनु र धान भित्र्याउने बेला पानी नपर्नु आवश्यक हुन्छ। हाम्रो जस्तो पर्याप्त र वर्षैभरि सिंचाइको सुविधा नभएको देशमा झन् मनसुन ठिक समयमा हुनु, बेला बेला हल्का वर्षा हुनु र माटोमा चिस्यान भइरहनु धेरै आवश्यक हुन्छ। जलवायु परिवर्तनका कारण पछिल्ला वर्षहरूमा मनसुन समयमा नहुने, हिउँदमा लामो समय खडेरी हुने, एकैचोटि भारी वर्षा हुनेजस्ता समस्या नेपाली किसानले भोग्दै आइरहेका छन्। यसै वर्ष हिउँदमा परेको लामो खडेरी र मनसुनको ढिलाइले कतिपय किसानले धानको बिउसम्म जोगाउन सकेका छैनन् र धेरैजसो क्षेत्रमा रोपाइँ हुन सकेको छैन। विज्ञहरूले यो वर्ष ४० प्रतिशत कम पानी पर्ने आकलन गरेका छन्। त्यसको प्रत्यक्ष असर धानको उत्पादनमा पर्ने देखिन्छ। नेपालमा पानीको मुख्य

*बाँकी तीन पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

## जलवायु परिवर्तन...

स्रोत भनेकै हिमशृङ्खला, जमिनको सतहमुनि भएको संरक्षित पानी, बङ्गालको खाडीबाट प्रवेश गर्ने बादल र स्थानीय रूपमा निर्माण हुने बादल नै हुन् । पछिल्लो समय बढेको अव्यवस्थित बसोबास र कङ्क्रिटको अत्यधिक प्रयोगले स्थानीय रूपमा बादल निर्माण हुने क्रम ढिला भएको छ भने जथाभावी जमिनमुनिको पानीको प्रयोग र पानी सञ्चित हुने क्षेत्रको विनाशले जमिनको सतहमुनि भएको पानी सकिँदै गहिरहेको छ । एक अध्ययन अनुसार २०१५ मा भएको पेरिस सम्झौता अनुरूप विश्वको औसत तापक्रम वृद्धिदर १.५ मा मात्र सीमित हुने हो भने पनि नेपालले अहिले भएको एक तिहाइ हिउँ गुमाउने छ भने ४० भन्दा बढी हिमताल विस्फोटको नजिक पुग्ने छन् । यसले अहिले भएको आधा पानीको स्रोत गुम्ने जोखिम देखिन्छ ।

पानीको चरम अभावसँगै बढ्दो तापक्रमले जमिनमा भएको पानीको तापक्रममा वृद्धि, रोग किराको प्रकोपमा वृद्धि र लामो खडेरीलाई सघाउने निश्चित छ । यसले हाम्रो प्रमुख खाद्यान्न बाली धानको उत्पादनमा धेरै गिरावट आउने सम्भावनालाई नकार्न सकिँदैन । यो वर्ष सरकारले धान दिवस मनाउन ‘जलवायु अनुकूलित कृषकमैत्री प्रविधि, धान उत्पादनमा वृद्धि’ भन्ने नारा तय गरेको छ । तर नारा अनुरूपमा कुनै कार्यक्रमहरू घोषणा भएको पाइन्न । जताभाबी रसायन र विषादिको प्रयोगले माटोको उर्वराशक्ति त घटाएको छ नै माटोको पानी सोच्ने शक्ति र चिस्यान जोगाउने शक्तिमा पनि भारी गिरावट ल्याएको छ । उत्पादकत्वलाई मात्र केन्द्रमा राखेर बनाइएका आधुनिकीरण, यान्त्रिकीकरण, बिउ प्रतिस्थापन जस्ता कार्यक्रमले जलवायु अनुकूलन क्षमतालाई ह्रास गर्दै गहिरहेको छ । अहिले प्रायजसो क्षेत्रमा चिनियाँ र भारतीय वर्णसङ्कर बिउको उपयोग बढी रहेको छ भने सरकारले पनि जनदबाब भन्दै प्रायः बिउहरूलाई सूचीकृत गरिसकेको छ । यसले गर्दा हामीसँग भएका रैथाने र जलवायुको जोखिमसँग जुध्न सक्ने धेरै खालका बालीका बिउहरू गुमाइसकेको छौँ । बाँकी रहेका बिउहरू गुमाउने क्रममा छौँ । यसले एकातर्फ परनिर्भता बढाइरहेको छ भने अर्कोतर्फ जलवायु परिवर्तनको जोखिम पनि बढाइरहेको छ ।

यसरी यो वा त्यो रूपमा हामी खाद्य सङ्कटको जोखिममा होमिँदैं छौँ । जलवायु अनुकूलनलाई नारामा मात्र सीमित नराखी हाम्रो बारीदेखि भान्सासम्म उत्पादन र उपभोगको पुरानो लोकतन्त्रलाई फर्काउनुपर्छ । हामीसँग भएको स्थानीय धानका स्रोतहरूको संरक्षण, गुणस्तर र उपयोग बढाउन आवश्यक छ । साथै माटोको संरक्षण गर्न जैविक खेती अवलम्बन गर्न अत्यावश्यक छ । पानीका स्रोतहरूको संरक्षण गर्ने, जमिनमुनि धेरैभन्दा धेरै पानी सङ्कलन गर्न पोखरी र चुरे क्षेत्रमा वृक्षरोपण गर्ने र धानको उपभोग सकेसम्म कम गर्ने हो भने मात्र हामीकहाँ आउन लागेको खाद्य सङ्कट टार्न सक्छौँ । हैन भने जलवायु परिवर्तनले धान र धानको खाद्यसत्तालाई सङ्कट पारेसँगै हामीसँग ठुलो खाद्य सङ्कटको सामना गर्न तयार हुनुको विकल्प हुने छैन । लेखक कृषि प्रसारका विद्यार्थी हुन् ।क स रातोपाटीबाट

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा  मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक्र अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि : डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**


# बाढीबाट बच्ने उपायहरु




अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# नागरिकता बनाउँदा नांगो हुनुपर्ने किन हो ?

इन्द्र टमटा

निर्वाचन आयोगका एक पूर्वआयुक्तले एक दैनिक पत्रिकामा 'हो, हाम्रो छोरो गे हो' भन्दै उनको लैगिक पहिचानसहित भावुक लेख लेखे। केही दिनमै 'एक नेपाली बुवाको जागरण' भन्दै त्यसको अंग्रेजी अनुवाद छापियो।

त्यो लेख धेरैले पढे होलान् र पढ्नेहरूमा जागृति पनि आयो होला। उक्त लेखले नेपाली समाज खुला हुँदै गएको र साझा सरोकारका विषयले सार्वजनिक बहसमा स्थान पाइरहेको देखिन्छ। तर त्यो लेखको अर्को पाटो पनि छ।

त्यहाँ भनिएको समलिंगी जोडीको विदेशी विवाहित साथीलाई नेपालमा बस्न पाउने गरी गैरपर्यटकीय भिसा दिन अध्यागमन विभागले अस्वीकार गरेको थियो। यो विभागको आफ्नै नियमावली २०५१ को नियम ८ विपरीत हुन्छ। नियम ८ मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरी विवाह दर्ताको प्रमाण पेस गरे गैरपर्यटकीय भिसा पाउने व्यवस्था छ।

विपरीत लिंगी विवाहित जोडीले फारममा पति/पत्नी भनेर विवरण खुलाए सजिलै भिसा पाउँथे। तर यही पति/पत्नीको विवरण भर्नुपर्ने व्यवस्थाले उक्त समलिंगी जोडीलाई भिसा पाउन गाह्रो भयो। यसमा विभागको अनलाइन प्रणालीको पनि प्राविधिक समस्या थियो। यो घटनामा अध्यागमन विभागलाई विपक्षी बनाएर उक्त समलिंगी जोडीले सर्वोच्च अदालतमा रिट निवेदन हाल्यो।

सर्वोच्चको संयुक्त इजलासले २०७९ पुस ४ गते अध्यागमन विभागका नाममा निर्देशनात्मक आदेश जारी गर्दै ती नेपाली समलिंगीसँग विवाह गरेका विदेशी नागरिकलाई गैरपर्यटकीय भिसा दिनू भनेर फैसला सुनायो।

यस्तै समस्या समाधान गर्न भनेर २०६४ सालमा सर्वोच्च अदालतले 'फरक लैंगिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले अरू व्यक्ति सरह विनाभेदभाव आफ्नो हकअधिकार उपभोग गर्न पाउने गरी उपयुक्त कानुन बनाउनू वा भएका कानुन संशोधन गरी आवश्यक प्रबन्ध गर्नू' भनी आदेश दिएको थियो। तर कानुन निर्माण गर्नु त परको कुरा, भएका कानुनमा पनि सुधार नगरी 'अदालतको आदेश कार्यान्वयन गर्न अध्ययन हुँदैछ' भन्दै सरकार पन्छिरहेको छ।

माथिको घटना यौनिक तथा लैगिक अल्पसंख्यक समुदायसँग जोडिएको एक प्रतिनिधि घटना मात्र हो। नेपालमा यस्ता कैयन घटना छन्, जसलाई सुन्दा हामी कति अमानवीय, असहिष्णु र गैरजिम्मेवार रहेछौं भन्ने ज्ञात हुन्छ।

यो लेखमा समुदायको समस्यासँग जोडिएका तीनवटा प्रतिनिधि घटनाबारे छोटो चर्चा गरिएको छ।

**पहिलो घटना रूपन्देही जिल्लाको हो।** लुम्बिनी प्रदेशमा लैंगिक तथा यौनिक अल्पसंख्यकहरूको संख्या ४५० हाराहारी छ। तर जनगणना २०७८ मा उनीहरूको पहिचानसहित गणना गरिएको छैन।

यहाँ एक समलिंगी केटीले १६ वर्ष पूरा गरेर नेपाली नागरिकता प्राप्त गर्न वडा कार्यालयमा सिफारिसका लागि आवेदन पेस गरिन्। वडाले जसोतसो सिफारिस गरिदियो। तर जिल्ला प्रशासन कार्यालय नागरिकता प्राप्त गर्ने बाटोमा यस्तरी कंकड बन्यो, उनी चिकित्सकका अगाडि नग्न हुन बाध्य भइन्।

नागरिकताको सिफारिसमा उनले आफ्नो लैंगिक पहिचान महिला वा पुरूष नभई 'अन्य' मा सूचित गर्न माग राखेकी थिइन्। वडाको सिफारिस पनि त्यसैबमोजिम थियो। जिल्ला प्रशासन कार्यालयले भने स्वास्थ्य परीक्षण गराई लैंगिक पहिचान खुलाउनुपर्ने अड्डी कस्यो। आखिरमा प्रशासनले लुम्बिनी प्रादेशिक अस्पताललाई उनको लिंग पहिचान गरिदिन पत्र लेख्यो।

पत्र प्राप्त हुनासाथ अस्पतालका तीन जना चिकित्सकले उनलाई परीक्षण कक्षमा लगेर सबै वस्त्र फुकाल्न लगाए। उनले सबै लुगा एक-एक गरी फुकालिन्। लुगा फुकाल्दै गर्दा उनले आफूलाई सम्हाल्न खोजिन्। तैपनि मनमा उठेका भावले यसरी ढाक्यो, शरीर नांगो भएको उनले पत्तै पाइनन्। अहिले पनि त्यो घटना सम्झिँदा उनलाई निकै गाह्रो हुन्छ।

अस्पतालले लैंगिक परीक्षण गरेको केही दिनमा जिल्ला प्रशासन कार्यालयलाई रिपोर्ट दियो। तर यो घटना यति विवादित हुन पुग्यो, उनलाई नागरिकता दिने कार्य बीचमै रोकियो। यो घटना कसैलाई सामान्य लाग्छ होला, तर यसमा दुइटा कुरा महत्वपूर्ण थियो।

एउटा, त्यसरी नग्न बनाएर स्वास्थ्य परीक्षण गर्दा डाक्टरले उनको सहमति लिएको थिएन। अर्को, नागरिकता ऐन २०६३ ले नागरिकता प्रमाणपत्र जारी गर्ने अधिकारीलाई कतै पनि यस्तो अधिकार दिएको छैन। कुन अधिकार प्रत्यायोजनको बलमा त्यस्तो निर्णय लिइएको थियो, थाहा छैन। जिल्ला प्रशासनले कुन न्यायिक सिद्धान्तमा टेकेर स्वास्थ्य परीक्षणको चिठी काटेको हो भन्ने अझै उत्तर आउन बाँकी छ। मानवअधिकार आयोगले यो घटनाको अनुसन्धान जारी राखेको छ।

सामान्य अवस्थामा लुगा लगाएकै भरमा कुनै व्यक्तिलाई महिला वा पुरूष भनेर नागरिकता दिन मिल्छ भने 'अन्य' भनेर लैंगिक पहिचान जनाएका व्यक्तिलाई किन मेडिकल परीक्षणको आवश्यकता परेको हो? नियम सबैका लागि बराबर हो भने नागरिकता बनाउनुअघि सबैको लिंग परीक्षण अनिवार्य गर्नुपर्ने होइन र ?

**अब दोस्रो घटना हेरौं।**

२०७९ वैशाख ८ गते कपिलवस्तुको सैनिक ब्यारेकभित्र एक महिला सिपाहीले आफूले बोकेको बन्दुकले आफैंलाई गोली हानेर आत्महत्या गरिन्। उनले आमाबुवाले चाहेजस्तो छोरी वा छोरामध्ये कुनै एक लैंगिक पहिचानका आधारमा बाँच्न नसकेको भन्दै आत्महत्या गरेकी थिइन्। ती सिपाहीले आफ्नो 'सुसाइड नोट' मा आमालाई अत्यन्तै माया गर्ने कुरा उल्लेख गरेकी छन्। उनले आमाबुवासँग गुनासो नभए पनि आफूखुसी लैंगिक पहिचान निर्माण गरिदिने समाजप्रति दुःख व्यक्त गरेकी छन्। सबैले उनलाई छोराजस्तै छस् भन्ने गरे पनि आफूलाई छोरी हुन मन लाग्ने गरेको उनले पत्रमा लेखेकी थिइन्।

यो घटनाबाट के अनुमान लगाउन सकिन्छ भने उनले आफ्नो लैंगिक पहिचान समाजसामु राख्न नसकेर अन्तिम विकल्पका रूपमा मृत्युवरण गरेकी थिइन्। उनले आफ्नो लैंगिक पहिचान परिवार र समाजसामु निर्धक्क राख्ने वातावरण नै पाइनन्। आफ्नो लैंगिक पहिचानको कुरा राख्न उनले सुसाइड नोटको सहारा लिनुपर्ने भयो र त्यो कुरा राखिसकेपछि उनी आफैं रहिनन्।

यसरी आफ्नै संगठनभित्रको फरक लैंगिक तथा यौनिक पहिचान भएको व्यक्तिको संरक्षण गर्न नसकेको सेना वा प्रहरीले सडकमा हिँड्दै गरेका यी समुदायका व्यक्तिसँग गर्ने व्यवहार त हामी सबैलाई थाहै छ।

**तेस्रो घटना समलिंगी व्यक्तिहरूको विवाहसँग जोडिएको छ।**

लुम्बिनी प्रदेशमा केही समलिंगी जोडीले विवाह गरेका छन्, तर त्यसको सामाजिक र कानुनी मान्यता छैन। एक समलिंगी जोडीले विवाह त गऱ्यो, तर परिवारले थाहा पाए निकालिदिने डरले आजसम्म परिवारलाई जानकारी गराएका छैनन्। परिवारले त्यस्तो विवाह स्वीकार नगरिदिँदा यस्ता जोडी आफ्नै घर जाँदा पनि 'हामी मिल्ने साथी हौं' भनेर घरभित्र पस्छन्।

नेपालमा समलिंगी विवाहलाई कानुनी मान्यता छैन। तथापि दुई जना उमेर पुगेका व्यक्ति सँगै बस्न पाउँछन् भन्ने २०६९ सालमा तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीले गरेको फैसलामा उल्लेख छ। त्यसपछि समलिंगी जोडीलाई एकसाथ बस्न केही सहज भएको देखिन्छ।

यही फैसलाले विपरीत लिंगी केटा र केटी पनि ढुक्कले सँगै बस्ने गरेका छन्। तर केटा र केटीको 'लिभिङ टुगेदर' ले समस्या ल्याएको भन्दै यसलाई निस्तेज पार्ने कानुन बनाउन संसदमा एकताक बहस भएको थियो। लिभिङ टुगेदर बस्दा बच्चा जन्मिने तर पछि विवाह नभए केटाले पितृत्व स्वीकार नगरिदिने र त्यसले घरेलु तथा लैंगिक हिंसाका समस्या बढेका थिए। यस्तो समस्या समलिंगी जोडीमा भने पाइएको छैन।

नेपालको संविधानको धारा १८ ले प्रत्येक नागरिकलाई समानताको हक दिएको छ। तर देवानी संहिता २०७४ को दफा ६७ मा महिला र पुरूषको मात्र विवाह हुन्छ भनेर लेखिएको छ। यो कानुन विवाह भनेको विपरीत लिंगी अर्थात् महिला र पुरूषबीच मात्र हुन्छ भन्ने सामाजिक मान्यताबाट प्रेरित छ।

समलैंगिक विवाहलाई कानुनी मान्यता दिनुपर्छ भनेर सर्वोच्चमा रिट नपरेको होइन। तर अहिलेसम्म सुनुवाइ हुन सकेको छैन।

छिमेकी मुलुक भारतमा पनि समलैंगिक विवाहसम्बन्धी रिटमा त्यहाँको सर्वोच्च अदालतले अन्तिम फैसला गर्न बाँकी छ। भारतले सेप्टेम्बर २०१८ मा समलैंगिक जोडीको सम्बन्धलाई आपराधिक श्रेणीबाट हटाएको थियो। त्योभन्दा अगाडि समलैंगिक सम्बन्धलाई भारतमा अपराध मानिन्थ्यो। यसरी समलैंगिक सम्बन्धलाई अपराधको श्रेणीबाट हटाएपछि मात्र त्यहाँ विवाहसम्बन्धी बहस सुरू भएको हो।

भारतमा विवाहसँग जोडिएका लगभग तीन दर्जन कानुन छन्। यो मामिला हेर्न बसेको न्यायाधीशको समूहले भारतको व्यक्तिगत कानुन नेहरी सन् १९५४ को विशेष विवाह कानुनलाई टेकेर समलैंगिक विवाहको अधिकार दिन सकिने भए पनि धर्मसन्तान तथा विरासतसँग जोडिएका कानुन अड्चनका रूपमा आउने बताएको छ।

यति मात्र होइन, त्यहाँको सर्वोच्च अदालतले संसद र विधान सभालाई कानुन बनाउने अधिकार रहेको भन्दै समलैंगिक विवाहको कानुन बन्नुअघि आफू उम्किन खोजेको देखिन्छ।

भारतको राष्ट्रिय बाल अधिकार संरक्षण आयोगले समलैंगिक जोडीले बालबालिकालाई धर्मसन्तानका रूपमा राख्न पाउने अनुमतिविरूद्ध सर्वोच्चमा रिट दर्ता गरेको छ। यसले न्यायालयलाई अन्तिम फैसला दिन अझ बढी समय लाग्ने देखिन्छ।

सन् २०२२ सम्म ३४ वटा देशले समलिंगी विवाहलाई कानुनी मान्यता प्रदान गरेका छन् भने यस्ता लैंगिक अल्पसंख्यक जोडीलाई गर्भधारण गर्न, बच्चा जन्माउन र हुर्काउन सक्ने गरी कानुनी ढाँचासमेत तयार गरेका छन्।

पौराणिक कथाहरूमा समेत लैंगिक तथा यौनिक अल्पसंख्यकहरूको विशेष चर्चा गरिएको छ।

रामायणमा कैकेयीले आफ्नो छोरा भरतलाई राजा बनाउन दशरथसामु दुइटा सर्त राखिन्। त्यसमध्ये एउटा सर्त रामको वनवास थियो। जब राम वनवास जान्छन्, तब ठूलो संख्यामा अयोध्यावासी उनलाई रोक्न सीमासम्म पुग्छन्। रामले चौध वर्षको वनवासपछि फर्किने भन्दै नगरवासीलाई फिर्ता हुन आग्रह गरेर अगाडि बढ्छन्।

लंका विजयपछि वनवास अवधि सकिन्छ। राम फिर्ता हुन्छन्। आफ्नो राज्यको सीमा नजिक आएपछि उनले देख्छन्, एउटा समूह बस्ती बसालेर उनको प्रतीक्षा गरिरहेका छन्। भएछ के भने, चौध वर्षअघि रामले आफूलाई पछ्याउँदै आएका नगरवासीलाई फर्किन आग्रह गर्दा नर र नारीलाई मात्रै फिर्ता हुन भनेका रहेछन्। किन्नरलाई भने कुनै आदेश नदिएकाले उनीहरू त्यहीँ बस्ती बसालेर चौध वर्षदेखि रामको प्रतीक्षा गरिरहेका रहेछन्।

यसरी स्त्री र पुरूषलाई मात्र गरिएको सम्बोधनबाट यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय रामको प्रतीक्षामा बसेको घटना रामायणमा छ।

महाभारतमा पनि पाण्डवहरूलाई विजयका लागि एउटा बलिको आवश्यकता पर्छ। अर्जुन र नागकन्या उलुपीका छोरा इरावन बलि चढ्न तयार हुन्छन्। तर उनले बलि चढ्नुभन्दा पहिले श्रीकृष्णसँग तीन वरदान माग्छन्, जसमा एउटा वरदान उनको विवाह गरिदिनुपर्ने हुन्छ। विवाहका लागि कुनै केटी फेला नपरेपछि कृष्णले मोहिनी रूप धारण गरेर एक रातका लागि इरावनसँग विवाह गर्छन्।

यिनै इरावनलाई यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले आफ्नो आराध्य देवका रूपमा पूजा गर्ने गरेको पाइन्छ। विल्लुपुरम मन्दिरमा हरेक वर्ष कृष्ण र इरावनको विवाह उत्सव मनाएर पूजा गर्ने चलन छ।

अर्जुनले एकवर्षे अज्ञातवासमा वृहनल्ला नाम राखेर किन्नरका रूपमा राजा विराटको दरबारमा बिताएको घटना पनि महाभारतमा छ।

महाभारतमा अर्को चरित्र छ, शिखण्डी। जब भीष्म पाण्डव सेना मार्दै हाहाकार मच्चाउन थाल्छन्, तब पाण्डव पक्षमा ठूलो त्रास फैलिन्छ। भीष्मलाई नरोके पराजित हुने देखेर श्रीकृष्णको सल्लाहअनुसार पाण्डवले भीष्मसँग उनलाई मार्ने उपाय सोध्छन्। भीष्मले धेरै सोचेर अन्तिममा उपाय बताइदिन्छन्।

दसौं दिनमा पाण्डव पक्षले शिखण्डीलाई अर्जुनसँगै भीष्मविरूद्ध मैदानमा उतार्छन्। शिखण्डीको जन्म स्त्रीका रूपमा भए पनि उनको हुर्काइ पुरूष सरह गरिएको हुन्छ। भीष्मले स्त्रीमाथि हात नउठाउने प्रतिज्ञा गरेका हुन्छन्। शिखण्डीलाई कुनै बेला भीष्मले नै अपहरण गरेकी अम्बाको अर्को रूप भनेर चिनिन्छ।


भीष्मले शिखण्डीलाई आफू अगाडि देखेपछि अस्त्र बिसाउँछन्। अर्जुनले शिखण्डीको पछाडिबाट तुणिरमा भएका सबै तिर भीष्मको शरीरमा रोपिदिन्छन्। उनी तिरको शैयामा जीवित रहेकै अवस्थामा पाण्डवले आठ दिनभित्र कौरवमाथि जित प्राप्त गर्छन् र भीष्मले आफ्नो इच्छाबमोजिम देह त्याग गर्छन्। यसरी महाभारतमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका शिखण्डीको चरित्र रोचक ढंगले चित्रण गरिएको पाइन्छ।

त्यस्तै उमा-महेश्वरका बारेमा हामी सबै परिचित नै छौं। यसरी ढुंगाको अर्धनारेश्वरलाई पूजा गरिरहँदा आफ्नै कोखबाट जन्मेको अर्धनारेश्वर लखेटिनुपर्ने अवस्था दुखद छ।

यो समुदायले विभेद नखेपेको सायद कुनै क्षेत्र छैन। घर, सडक, सार्वजनिक सेवा, शौचालय, एयरपोर्ट लगायत सबै स्थानमा भेदभाव हुने गरेको छ। यति हुँदाहुँदै संरक्षण, पहिचान र मान्यताको खोजीमा यो समुदाय नयाँ बिहानी पर्खेर बसेको छ।

हरेक वर्ष जुन महिनालाई यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको गौरवको महिना मान्दै धुमधामसँग विश्वभरि मनाउने चलन छ। आशा गरौं, यो वर्षपछि गौरवको महिना मनाउँदा यौनिक तथा अल्पसंख्यक समुदायलाई मानवीय व्यवहारसहित पहिचान, स्वतन्त्रता र समृद्ध जीवनयापन गर्ने वातावरण बनाउन सबैले योगदान गर्ने छन्। सेतेपाटीबाट


बाढीबाट बच्ने उपायहरू




अनुरोधकर्ता

हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी

# स्वास्थ्य बीमा कार्यक्रम सबै स्थानीय तहमा पुऱ्याउन निर्देशन

**काठमाडौँ**/स्वास्थ्य बीमा कार्यक्रम सबै स्थानीय तहमा पुऱ्याउन निर्देशन दिएको छ । दिगो विकास तथा सुशासन समितिले सो निर्देशन दिएको हो ।

समितिको बुधबार बसेको बैठकमा समिति सभापति प्रकाश पन्थले कार्यक्रम कार्यान्वयनमा देखिएका नीतिगत र व्यवस्थापकीय समस्या समाधान गर्दै पहुँच बिस्तार गर्न निर्देशन दिएका छन् ।

उनले गुणस्तरीय स्वास्थ्य सेवा, औषधि आपूर्ति, उपचार प्रक्रिया सरल बनाइ दक्ष जनशक्तिको व्यवस्थापन गर्न समेत निर्देशन दिए । समितिले सुर्तिजन्य पदार्थमा लगाउने कर वृद्धि गरी त्यसबाट सङ्कलित रकम स्वास्थ्य उपचार र जनस्वास्थ्य सेवाका कार्यक्रममा खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिइएको छ ।

बैठकमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले स्वास्थ्य बीमा कार्यक्रममा सुधार गर्न आवश्यक भएको बताए । उनले स्वास्थ्य बीमा कार्यक्रम चुस्तदुरुस्त बनाउन नसकेको स्वीकार गर्दै कमीकमजोरीलाई चाँडोभन्दा चाँडो सुधार गरी प्रभावकारी कार्यान्वयन गर्ने बताए ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले स्वास्थ्य बीमाको दुरुपयोग रोक्न र बीमितको स्वामित्व बढाउनुपर्नेमा जोड दिए ।

स्वास्थ्य बीमा बोर्डका निर्देशक डा दामोदार बसौलाले कर्मचारीको अभावका कारण बोर्डको काम प्रभावित भएको बताए । उनले बीमितका लागि प्रथम सेवा बिन्दु तोक्न नसक्दा विशिष्टकृत सेवा अस्पतालमा भीडभाड बढेको बताए ।

उनले ४०७ स्थानीय तहमा सेवा प्रदायक संस्था नहुँदा पनि बीमा प्रभावकारी बन्न नसकेको गुनासो गरे । बैठकमा समितिले स्वास्थ्य बीमामा दोहोरोपन, औषधि अभाव, सेवा प्रवाह चुस्त नभएको र यसप्रति घट्दो आकर्षणबारे मन्त्रालय र बोर्डसँग जवाफ मागेको थियो ।

बोर्डका अनुसार स्वास्थ्य बीमा कार्यक्रम ७७ जिल्लाका सात सय ४९ स्थानीय तहमा विस्तार भएको छ । चार सय ५९ वटा सेवा प्रदायक स्वास्थ्य संस्था नवीकरण नहुँदा बीमित हुने र नवीकरण हुने दर घटेको हो ।

चालु आवको वैशाख मसान्तसम्म २० लाख ९३ हजार एक सय ७० परिवारका ६७ लाख ६४ हजार ६ सय ४४ जना कार्यक्रममा भइ हालसम्म ४१ लाख १७ हजार सात सय आठ जनाले मात्रै नवीकरण गराएका छन् । स्वास्थ्य बीमा कार्यक्रम लागू भएदेखि अहिलेसम्म सेवा प्रदायक संस्थालाई रु ३१ अर्ब भुक्तानी भइसकेको छ ।

## प्रदेशको विकासका लागी मन्त्रालय अग्रसर : मन्त्री यादव

**राजविराज**/मधेश प्रदेशका कार्यबाहक मुख्यमन्त्री कृष्ण यादवले प्रदेशको विकासका लागी आफ्नो मन्त्रालयले सक्दो काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

सप्तरी आइपुगेका मन्त्री यादवले राजविराजस्थित काँग्रेसको जिल्ला पार्टी कार्यालयमा पार्टी कार्यकर्ता भेलालाई सम्बोधन गर्दै यस्तो प्रतिबद्धता जनाएका हुन् ।

नेपाली काँग्रेस मधेश प्रदेशका सभापति तथा मधेश प्रदेशका भौतिक पूर्वाधार मन्त्री समेत रहेका यादवले पार्टी भित्रको गुट उपगुट र अन्तरघातले सिंगो पार्टी नै कमजोर हुने भन्दै एकताबद्ध भएर अघि बढ्न आग्रह गरे ।

"पार्टीले उठाएको आधिकारीक उम्मेदवारलाई अन्तरघात गरी हराउँदा तत्काल कसैलाई आत्मसन्तुष्टी मिल्ला, उनले थपे-तर त्यसले सिंगो पार्टी नै कमजोर बन्ने भएकाले त्यसबाट सबै कार्यकर्तालाई घाटा नै हुनेमा कुनै सन्देह छैन ।"

कार्यकर्ता भेलामा काग्रेसका जिल्ला सभापति रामदेव साह, उपसभापती राम कुमार यादव, सचिव सन्नत मण्डल, मधेश प्रदेशका सहमहामन्त्री विन्दु कुमारी यादव, जिल्ला सदस्य रामकुमार साह, नेपाल ट्रेड युनिय काग्रेस सप्तरीका अध्यक्ष मनोज कुमार मण्डल, नेविसंघका जिल्ला अध्यक्ष राकेश ठाकुर लगायतका साथै ठूलो संख्यामा स्थानीय नेता र कार्यकर्ता सहभागी थिए ।

## डेंगीका कारण दुई महिलाको मृत्यु

**सुनसरी**/धरानमा डेंगी संक्रमणका कारण दुई महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा धरान १७ का दुई महिला भएको उपमहानगरका वरिष्ठ कविराज रामबाबु यादवले जानकारी दिए ।

संक्रमितमध्ये एकजनाको १२ दिनअघि र एकजनाको बुधबार मृत्यु भएको उनले जनाए ।

उपमहानगरका २० मध्ये अधिकांश वडामा डेंगी फैलिएको र संक्रमितको संख्या ५०० भन्दा बढी पुगेको यादवले बताए । यो वर्ष धरानमा जेठ पहिलो सातादेखि फैलिएको डेंगी अहिले भयावह बनेको हो ।

खोज र नष्ट गर अभियान पनि चलाइरहेको भन्दै अधिकांश संक्रमित घरमै रहने तथा उपचारमा नपुग्ने भएकाले संक्रमण फैलिँदै गएको उनको भनाई छ ।

## मोटरसाइकलको ठक्करबाट किशोरको मृत्यु

**राजविराज**/सप्तरीको तिरहुत गाउँपालिका ५ मैनाकडेरीस्थित हुलाकी राजमार्गमा बिहीबार मोटरसाइकलको ठक्करबाट एक किशोरको ज्यान गएको छ ।

ज्यान जानेमा स्थानिय १६ वर्षिय मो. महताज रहेको प्रहरीले जनाएको छ । कंचनपुरबाट राजबिराजतर्फ जादै गरेको स.७प.७७५७ नं. को मोटरसाइकलले बिपरित दिशाबाट आउदै गरेका साईकलमा सवार १६ वर्षिय मो. महताजलाई ठक्कर दिएको हो ।

ठक्करबाट महताजको टाउको र शरिरको बिभिन्न भागमा चोट लागेकोले प्राथमिक स्वास्थ्य केन्द्रमा कंचनपुरमा उपचारका लागि भर्ना गरिएकोमा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

मोटरसाइकल र चालक वडा नं. २ निवासी २० वर्षिय मो. राजाकलाई इलाका प्रहरी कार्यालयले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।


जनहीतका लागि जारि सन्देश

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बरहरु**

**जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**
**सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म पातो -९८५१२७२४८५**
**इलाका प्रहरी कार्यालय, पातो - ९८५२८९०५११**

अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी


# अन्तर्राष्ट्रिय समाचार

## चिनियाँ युआन अमेरिकी डलरको तुलनामा कमजोर

**बेइजिङ**/चिनियाँ मुद्रा रेन्मिन्बी (युआन)को केन्द्रीय समानता दर शुक्रबार अमेरिकी डलरको तुलनामा ५० पिप्स कमजोर भएर ७.२२५८ मा पुगेको छ । चीनको विदेशी विनिमय व्यापार प्रणालीलाई उद्धृत गर्दै सरकारी सञ्चारमाध्यमले सो बारे जानकारी दिएको छ ।

चीनको स्पट विदेशी विनिमय बजारमा युआनलाई प्रत्येक व्यापार हुने दिन केन्द्रीय समानता दरबाट दुई प्रतिशतले बढ्न वा घट्न अनुमति दिइएको छ ।

अमेरिकी डलरको तुलनामा युआनको केन्द्रीय समानता दर प्रत्येक व्यापारिक दिन अन्तरबैंक बजार खोल्नु अघि बजार निर्माताले प्रस्ताव गरेको मूल्यको औसतमा आधारित हुन्छ । एजेन्सी

## केन्यामा सडक दुर्घटनामा ४८ जनाको मृत्यु

**नैरोबी**/पश्चिमी केन्याको व्यस्त सडकमा ट्रकले नियन्त्रण गुमाउँदा अन्य सवारी साधन र पैदल यात्रुमाथि ठोक्किदा ४८ जनाको मृत्यु भएको छ । अल जजिराले उल्लेख गरेअनुसार अहिलेसम्म ४८ जनाको मृत्यु भएको र एक वा दुई जना अझै ट्रकमुनि फसेको आशंका गरिएको छ ।

केरिचो र नाकुरु शहर बीचको राजमार्गमा शुक्रबार राति भएको सो दुर्घटना बारे स्थानीय प्रहरी कमाण्डर जेफ्री मायेकले बताएका छन्, "दुर्घटनामा तीस जना गम्भीर घाइते भएका छन् । उनीहरूलाई विभिन्न अस्पतालमा लगिएको छ । यद्यपि पीडितको सङ्ख्या धेरै हुन सक्छ तर अहिलेसम्म हामी ३० जनाको बारेमा निश्चित भएका छौं,"

साथै क्षेत्रीय प्रहरी कमाण्डर टम ओडेराले मृत्यु हुनेको सङ्ख्या ४८ पुगेको पुष्टि गरेका छन् । "केरिचोतर्फ गुडिरहेको एउटा ट्रकले नियन्त्रण गुमाएको र बस स्टपमा खचाखच भरिएका माटाटस स्थानीय मिनिको मा ठोक्किएको र बस स्टपमा उभिरहेका यात्रु र पैदल यात्रुलाई घाईते बनाएको हामीले आशंका गरेका छौं," मायेकले भने ।

दुर्घटनाका प्रत्यक्षदर्शी रहेका चालक पिटर ओटिएनोले भने: "मैले तीव्र गतिमा आउँदै गरेको ट्रेलर देखें । इक्कासि ठोक्किएपछि म भागें ।" मैले आफ्नै आँखाले करिब २० वटा शव देखें । गाडीमुनि अन्य शव पनि थिए," उनले भने ।

भारी वर्षाका कारण उद्धारकार्यमा बाधा पुगेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । एजेन्सी

## बसमा आगलागी हुँदा २६ जनाको मृत्यु

**नयाँदिल्ली**/भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रमा शनिबार यात्रु बसमा आगलागी हुँदा कम्तीमा २६ जनाको मृत्यु हुनाको साथै अन्य केही व्यक्ति घाइते भएका छन् ।

स्थानीय प्रहरीले जनाएअनुसार दुर्घटनाको कारण अहिलेसम्म थाहा हुन सकेको छैन । सो दुर्घटना नागपुर शहर नजिक समृद्धि महामार्ग एक्सप्रेसवेमा भएको हो । यवतमालबाट पुणे जाँदै गरेको उक्त बसमा ३३ जना यात्रु सवार रहेको बुझिएको छ । एजेन्सी

## दङ्गा नियन्त्रण गर्न फ्रान्समा ४५ हजार प्रहरी तैनाथ

**पेरिस**/रात्रिकालीन दङ्गा नियन्त्रण गर्न फ्रान्समा ४५ हजार प्रहरी तैनाथ गरिएको छ ।

फ्रान्सका आन्तरिक मन्त्री गेराल्ड डार्मानिनले कुनै पनि किसिमका सम्भावित रात्रिकालीन दङ्गा नियन्त्रण गर्न ४५ हजार प्रहरी अधिकारी तैनाथ गरिएको बताउनु भएको छ ।

अल जजीराले उल्लेख गरेअनुसार अघिल्लो दिन करिब ४० हजार प्रहरी परिचालन गरिएको थियो भने शुक्रबारदेखि थप पाँच हजार प्रहरी परिचालन गरिएको छ ।

गोली हानेर मारिएका १७ वर्षीय नाहेल एमको मृत्युलाई लिएर देशभर विरोध प्रदर्शन भइरहेका बेला फ्रान्समा बिहीबार ४०० भन्दाबढी व्यक्तिलाई पक्राउ गरिएको थियो ।

नान्तेरेमा प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा मार्सेलीमा केही दिनअघि नाहेल नामका १७ वर्षीय किशोरको हत्या गोली लागी मृत्यु भएको थियो । युवकको हत्याको विरोधमा प्रतिरोधलाई झन् तीव्र पारिएको छ ।

किशोरीको सम्झनामा निकालिएको र्‍यायली हिंसात्मक बनेपछि नान्तेरेमा एउटा बैंकमा आगजनी भएको छ । सो घटनाको आशङ्कामा १५ जनालाई प्रहरीले सोधपुछका लागि नियन्त्रणमा लिएको छ । सीएनएनले बीएफएमटीभीलाई उद्धृत गर्दै मार्सेलीमा प्रदर्शनकारीले प्रहरी अधिकारीमाथि आतिशबाजी गरेको जनाएको छ ।

फ्रान्समा मङ्गलबार अशान्ति भड्किएको र नान्तेरेमा प्रहरीले आवागमन रोकेको केही घण्टापछि नाहेलको हत्या भएको थियो र त्यसको विरोधमा ४० वटा कार जलाइएको थियो भने २४ जना प्रहरी अधिकारी घाइते भएका थिए । एजेन्सी

# बजाज खडक वारिर्यसले जित्यो मेयरकप

**राजविराज**/जिल्लाकै सर्वाधिक पुरस्कार राशी भएको मेयर कप सप्तरी प्रिमियर लिग टि-ट्वान्टी क्रिकेट प्रतियोगिता बजाज खडक वारिर्यसले जितेको छ। यो जितसंगै बजाज खडक वायिरर्यसले ३ लाख रुपैया नगद तथा ट्रफी हात पारेको हो।

राजविराजस्थित पविमाबीको खेल मैदानमा सोमबार सम्पन्न फाईनल खेलमा बजाज खडक वारिर्यसले कंचनरुप राईनोलाई ४ विकेटले पराजित गर्दै उपाधी जित्न सफल भएको छ। पराजित भएका कंचनरुप राइनोले १ लाख ५० हजार नगद तथा ट्रफी प्राप्त गऱ्यो।

टस हारेर ब्याटिङ्ग गर्ने अवसर पाएको कंचनरुप राईनोले निर्धारित २० ओभरको खेलमा सम्पूर्ण विकेट गुमाई १ सय ४५ रन बनाएको थियो। जसमा कंचनरुप राईनोका दिलिप नाथले सर्वाधिक ४२, नारायण जोशीले २७, सुमित श्रेष्ठले १७, अमित कुमार यादवले १६, राकेश कामैतले ११ र चित्र बहादुर विष्टले १० रनको योगदान दिए। बलिङ्गतर्फ बजाज खडक वारिर्यसका कप्तान विवेक यादवले ४, गोमानन्द अमात्यले २ तथा अनिल यादव र दिनेश अधिकारीले १/१ विकेट लिए।

१ सय ४६ रनको विजय लक्ष्य लिएर मैदानमा उत्रेको बजाज खडक वारिर्यस १९ दशमलव ३ ओभर मै विजय लक्ष्य प्राप्त गऱ्यो। बजाज खडक वारिर्यसका लागी विशाल सुसलिङ (अविजित) ले सर्वाधिक ४६ रनको योगदान दिए। त्यस्तै साहिल पटेलले २१, राज बर्मा १७, करण बहादुर विक र संदिपले समान १४/१४ तथा विवेक कुमार यादवले १३ रनको योगदान दिए। बलिङ्गतर्फ कंचनरुप राइनोका चित्र बहादृर विष्टले ३ तथा रासिद खान, नारायण जोशी र पप्पु कुमार यादवले १/१ विकेट लिए।

फाईनल खेलको म्यान अफ द म्याच विजेता टिम बजाज खडक वारिर्यसका विशाल सुसलिङ घोषित भए। यस्तै प्लेर अफ द टुर्नामेन्ट कंचनरुप राईनोका रासिद खान, वेस्ट बलर बजाज खडक वारिर्यसका दिनेश अधिकारी, वेस्ट ब्याट्सम्यान छिन्नमस्ता लाइन्सका सुभक कंसाकार तथा इमेजिङ्ग प्लेयरको अर्वाड बलान विहुल क्रिकेट क्लबका विशाल यादवले प्राप्त गरे।

प्रतियोगिता समाप्ती पछी आयोजक क्रिकेट संघ सप्तरीका अध्यक्ष आयूष श्रेष्ठको अध्यक्षतामा आयोजित पुरस्कार वितरण समारोहमा प्रमुख अतिथी राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परविन, नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष चतुर बहादुर चन्द, कोषाध्यक्ष रोशन सिंह, केन्द्रिय सदस्य प्रशान्त विक्रम मल्ल, मधेश प्रदेश क्रिकेट संघका उपाध्यक्ष सुनिल महासेठ, वडा अध्यक्ष बन्धुलाल दास लगायतले विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरे।

# मेयर गोल्डकप फुटबल प्रतियोगिताको उपाधी उदयपुरले जित्यो

**राजविराज**/प्रथम राजविराज मेयर गोल्डकप फुटबल प्रतियोगिताको उपाधी उदयपुरले जितेको छ।

राजविराजस्थित राजरंगशालामा शनिबार सम्पन्न फाइनल खेलमा उदयपुरले धनुषालाई २-० गोल अन्तरले हराउँदै उपाधी जितेको हो। जितसँगै उदयपुरले १ लाख ५० हजार नगद पुरस्कार हात पारे। यस्तै उपबिजेता धनुषाले एक लाख नगद पुरस्कार प्राप्त गरे।

पहिलो हाफको ३१ औं मिनेटमा उदयपुरका बिशाल चौधरीले गोल गर्दै टिमलाई एक गोलको अग्रता दिलाए। त्यसको १० मिनेट नबित्दै उदयपुरका कृपा चौधरीले अर्को गोल थप्दै अग्रता दोब्बर पारे। धनुषाले गोल फर्काउन निकै प्रयास गरे पनि सफल हुन सकेन्।

प्रतियोगिता समाप्तीपछि जिल्ला फुटबल संघ सप्तरीका अध्यक्ष राजकुमार परियारको अध्यक्षतामा आयोजित पुरस्कार बितरण समारोहमा प्रमुख अतिथि राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परबिनले बिजेताहरुलाई कप, प्रमाणपत्र र नगर पुरस्कार बितरण गरे।

प्रतियोगिताको बेस्ट मिड फिल्डर उदयपुरका आशिष चौधरी, बेस्ट डिफेन्डर सप्तरीका बिमल राई, उत्कृष्ट खेलाडी उदयपुरका बिशाल चौधरी, उत्कृष्ट गोलरक्षक उदयपुरमा रेम्बो चौधरी, सर्वाधिक गोलकर्ता धनुषाका दिनेश होम्जोङ र उत्कृष्ट प्रशिक्षक उदयपुरका संजय चौधरी घोषित भए।

समापनका अवसरमा फुटबलका पूर्व सिनियर खेलाडी जिवन श्रेष्ठ, श्रीलाल देव, आलोक विश्वास, जितेन्द्र नारायण देव, हिरण्यराज भण्डारी, मनोज माझि, हरिनारायण मण्डल तथा जिल्ला खेलकुद विकास समितिका सेवा निवृत कर्मचारी तृप्ती नारायण साहलाई प्रमुख अतिथि परबिनले प्रमाणपत्र र दोसल्लाबाट सम्मान गरे।

राजविराज नगरपालिकाको सहयोग तथा जिल्ला फुटबल संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगितामा कुल ८ टिमको सहभागिता थियो।

# "एक घर दुई रुख" अभियान सुरु

**राजविराज**/सप्तरीको विष्णुपुर गाउँपालिकाले "एक घर दुई रुख" रोप्ने अभियानको सुरुवात गरेको छ। अभियान अन्तरगत पहिलो दिन सोमबार गाउँपालिकाको वडा नं. ४, ५ र ७ मा गरि २ हजार २ सय बिरुवा रोपिएको छ।

वडा नं. ४, ५ र ७ का प्रत्येक घर प्राङ्गणमा दुई/दुई वटाका दरले विभिन्न फलफुलका बिरुवा रोपिएको र बाँकी वडामा समेत क्रमशः बृक्षारोपन अभियानकै रुपमा संचालन हुने गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवले बताए।

अध्यक्ष यादवले गाउँपालिकालाई स्वच्छ, सुन्दर, हराभरा र प्रदुषणमुक्त बनाउने उद्देश्यले बृक्षारोपन अभियान थालिएको बताए। बृक्षारोपन कार्यक्रममा घरधनीलाई बोट बिरुवाको महत्व, यसको हेरचार तथा संरक्षणको बिधी बारे समेत ज्ञान बाड्ने काम गरिएको गाउँपालिकाले जनाएको छ।

# बाँझो जग्गालाई खेतीयोग्य जग्गा बनाउने बयोबृद्ध सम्मानित

**राजविराज**/शमसान घाटको रुपमा प्रयोग भइरहेको बाँझो जग्गामा फलफुल खेती लगाउन सफल सप्तरीको तिरहुत गाउँपालिका ४ डिमन निवासी ९१ वर्षिय अयोधि यादवलाई कृषि ज्ञान केन्द्रले एक समारोहकाबीच सम्मान गरेको छ।

राष्ट्रिय धान दिवसको अवसर पारेर आयोजित कार्यक्रममा केन्द्रका प्रमुख राजेन्द्र प्रसाद यादवले अयोधिलाई दोसल्ला र कदरपत्रका साथ सम्मान गरेका हुन्।

अहिले पनि खेतीपाति मै लागेका यादव तिरहुत गाउँपालिका ४ डिमनस्थित १२ बिगहा जग्गामा करिब चार दशकदेखी नियमित खटेर विभिन्न जातका फलफुल लगाएका थिए। उनको प्रेरणाबाट अन्य गाउँले पनि बाँझो छोडिराखेको जग्गामा अहिले फलफुल खेती सुरु गरेका छन्।

यसै अवसरमा केन्द्र प्रमुख यादवले कार्यालय परिसरमा नवनिर्मित कृषक प्रतिक्षालय भवनको समेत उद्घाटन गरेका छन्।

कार्यक्रममा कृषि विज्ञ डा. देवनाथ यादव, बालि अधिकृत किसुनदेव राउत, दिनेश यादव, राष्ट्रिय कृषक महासंघका केन्द्रिय सदस्य सुमिन्द्रा चौधरी, गैसस महासंघ मधेश प्रदेशका कोषाध्यक्ष लक्ष्मण यादव, राष्ट्रिय कृषक महासंघ मधेश प्रदेशका सचिव भुपेन्द्र प्रसाद यादव, पत्रकार चन्दन यादव, कृषि विज्ञ एवं राजनीतिकर्मी विकास तिवारी लगायतले शुभकामना दिँदै कृषि प्रधान मुलुक भनिएपनि कृषि क्षेत्रमा सरकारबाट सो अनुसारको लगानी नभएको भन्दै सरकारको ध्यानाकर्षण गराएका थिए।

# जनज्योतीद्वारा २२ करोड भन्दा बढीको बजेट पारित

**राजविराज**/जनज्योती कृषि सहकारी संस्था राजविराज ९ मलेठले आ.व. २०८०/०८१ को २२ करोड ९५ लाख ७० हजार २ सय २६ रुँपैया ८९ पैसाको वार्षिक कार्ययोजना (बजेट) पारित गरेको छ।

संस्थाका अध्यक्ष विश्वनाथ मण्डलको अध्यक्षतामा बसेको आ.ब. २०७९/८० को १८औं बैठकबाट संस्थाको कार्यप्रगति लगायतको प्रतिवेदन अनुमोदन समेत गरेको छ।

बैठकमा शेयर सदस्य बृद्धि १७ प्रतिशत, शेयर पुँजी ११ प्रतिशत, संस्थागत पुँजि ४ प्रतिशत ऋण लगानी १४ प्रतिशत बृद्धी गर्ने लक्ष्य लिइएको अध्यक्ष मण्डलले जानकारी दिए।

उनले आ.ब. २०८०/८१ मा ३६ करोड ९५ लाख ७८ हजार ८० रुँपैया ५६ पैसा आम्दानी र ३० करोड ४६ लाख ९९ हजार ९२ रुँपैया ३५ पैसा खर्च गरी कर अघिको खुद बचत ६४ करोड ८७ लाख ८८ हजार ८ रुँपैया २५ पैसा गर्ने लक्ष्य लिईएको बताए।

# विषादी सेवन गरेकी महिलाको मृत्यु

**राजविराज**/ विषादी सेवन गरेकी एक महिलाको मृत्यु भएको छ। सप्तरीको राजगढ गाँउपालिका १० निवासी २२ वर्षिया संगिता यादवको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

घरायसी बिषयलाई लिएर आफ्नै सासुआमा सँग बादबिवाद हुँदा नाम नखुलेको बिषादी सेवन गरेकी उनलाई उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ।

सामान्य उपचार पश्चात् थप उपचारका लागी उनलाई धरानस्थित विपि कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान पठाईएको थियो। प्रहरीका अनुसार उनलाई धरानबाट बिराटनगरस्थित न्युरो अस्पताल रेफर गरिएकोमा सोही अस्पतालमा उपचारका क्रममा शुक्रबार बिहान निधन भएको हो।


## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८११८७**






अनुरोधकर्ता

**बोदेबरसाइन नगरपालिका, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*